# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

**कवाडी, जडिबुटी, वनकस र मृत जीवजन्तु (हाड, सिङ, प्वाख, छाला) करको ठेक्का व्यवस्थापनका लागि भएको बोलपत्र आह्वानको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना मितिः २०८३/०५/१८

विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेको कवाडी, जडिबुटी, वनकस र मृत जीवजन्तु (हाड, सिङ, प्वाँख, छाला) बाट आ.व.२०८३/०८४ को कवाडी, जडिबुटी, वनकस र मृत जीवजन्तु (हाड, सिङ, प्वाँख, छाला) को कर संङ्कलन गर्नका लागि ईच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुलाई रु. ३,०००/०० (तीन हजार मात्र पछि फिर्ता नहुने गरी) कृषि विकास बैंकमा रहेको विराटनगर महानगरपालिकाको खाता नं. ०६०१६०११४५९७३११३ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले २१ एक्काइस दिनभित्रमा बोलपत्र फाराम खरिद गर्नहुन सबैको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

<u>जानकारी तथा अनिवार्य शर्तहरुः</u>

१) महानगरपालिकाको स्वीकृत दररेट अनुसार विराटनगर महानगरपालिकाबाट निकासी हुने कवाडी, जडिबुटी, वनकस र मृत जीवजन्तु (हाड, सिङ, प्वाँख, छाला) कानूनले निषेध गरेका बाहेकबाट कर संकलन गर्नुपर्नेछ ।

२) वोलपत्रदाताले कवोल गरेको रकमको १० प्रतिशत रकम विराटनगर महानगरपालिकाको नाममा कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३०३२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल कागजात संलग्न राख्नु पर्नेछ ।

३) **बोलपत्र फारम प्राप्त गर्ने अन्तिम मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले २१ औं दिनसम्म कार्यालय समयमा राजश्व व्यवस्थापन महाशाखाबाट बोलपत्र फाराम उपलब्ध गराईनेछ । उक्त दिन बिदा भएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा बोलपत्र फाराम लिन सकिनेछ ।

४) **बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले २२ औं दिन दिनको १२:०० बजे सम्म राजश्व व्यवस्थापन महाशाखामा बोलपत्र फाराम पेश गर्नुपर्नेछ । उक्त दिन बिदा भएमा सोको भोलिपल्ट वा सो दिन समेत कार्यालय विदा भएमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा बोलपत्र फाराम पेश गर्नुपर्नेछ ।

५) **बोलपत्र पेश गर्ने तरिकाः** बोलपत्र सिलवन्दी लाहाछाप गरी, लाहाछाप सङ्ख्या खुलाई विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ ।

६) **बोलपत्र खोल्ने समयः** सूचना प्रकाशित मितिले २२औं दिन दिनको २:०० वजे यस कार्यालयमा नियामानुसार बोलपत्र खोलिनेछ । सो दिन खोल्न नसकिएमा कार्यालयले तोकेको मितिमा खोलिनेछ ।

७) **ठेक्का अवधिः** आ.व. २०८३/०८४ सम्मको हुनेछ ।

८) **ठेक्का विवरणः** ठेक्का सम्बन्धि संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

| क.स. | विवरण | ठेका अवधि | न्युनतम ठेक्का (३६५ दिन) रकम कर वाहेक(रु.) | बोलपत्र खरिदको समयसीमा |
|---|---|---|---|---|
| १ | कवाडी, जडिबुटी, वनकस र मृत जीवजन्तु (हाड, सिङ, प्वाँख, छाला) | आ.व.२०८३/०८४ असार मसान्तसम्म | रु.६६,६४,८९०/०० (छैसठ्ठी लाख चौसठ्ठी हजार आठ सय नब्बे मात्र) | सूचना प्रकाशनको मितिले २१ औं दिन |

**नोटः** थप जानकारी तथा शर्त विराटनगर महानगरपालिकाको राजश्व व्यवस्थापन महाशाखा अथवा यस कार्यालयको आधिकारिक वेवसाईट www.biratnagarmun.gov.np र बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

**अन्य थप जानकारी तथा शर्त**

१) नियमानुसार कबोल गरेको ठेक्का रकममा लाग्ने मू.अ.कर, अग्रिम आयकर र न.पा कर ठेकेदार स्वयमले बेहोर्नुपर्नेछ।

२) बोलपत्रमा ठेक्का रकम उल्लेख गर्दा अङ्कमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परेमा अङ्क र अक्षरमध्ये जुनमा वढी रकम उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।

३) सम्झौता गर्दाका बखत कवोल गरेको ठेक्का रकमको ५० प्रतिशत किस्ता रकमका साथै सोमा लाग्ने सम्पूर्ण कर बुझाएपछि मात्र सम्झौता गरिनेछ । उक्त किस्ता बापतको रकम बुझाइ बाँकी सबै ठेक्का र कर समेतको जोड गरी हुने कुल रकमको नगद वा बैंक जमानतपत्र २०८४ को श्रावण मसान्तसम्म म्याद भएको धरौटी वा जमानत अनिवार्य पेश गर्नुपर्नेछ । बैंक जमानत तथा धरौटी नराखी सम्झौता गरिने छैन ।

४) सम्झौता गर्दा दाखिला गरी बाँकी रहेको ५० प्रतिशत ठेक्का रकम कर सहित सोहि आ.व.को पौष मषान्तमा २५ प्रतिशत र सोहि आ.व.को असार दोस्रो हप्तामा २५ प्रतिशत रकम बुझाउनु पर्नेछ । सो समयमा बुझाउन नसकेमा दैनिक रु.१०००। (एक हजार मात्र) जरिवाना लाग्नेछ। बाँकी किस्ता रकम बुझाउने अवधि नाघेको तिन महिना भित्रमा समेत किस्ता रकम बुझाउन नसकेमा बैक जमानता वा नगद धरौटीबाट पहिलो पक्षले पाउने सबै ठेक्का रकम असुल गरी नगर कार्यपालिकाले ठेक्का रद्द गर्न सक्नेछ ।

५) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

६) ठेक्का अवधिमा बन्द हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहाको दाबी गर्न पाइने छैन । तर राष्ट्रिय संकटकाल, प्लेग हैजा महामारी जस्ता कारणले नेपाल सरकार, प्रदेश सरकार वा विराटनगर महानगरपालिकाले आवतजावत वा सवारी सञ्चालनमा रोक लगाएमा नगरस्तरीय विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर सभाले निर्णय गरि छुट मिनाहा गर्न सक्नेछ । ठेकेदारले विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०८३ अनुसार कवाडी करको दररेटमा मात्र कर उठाउनु पर्नेछ ।

७) ठेक्का रकममा मू.अ.कर १३ प्रतिशत, अग्रिम आयकर १.५ प्रतिशत र न.पा. कर १.५ प्रतिशत थप गरी सम्झौता गरिनेछ ।

८) कर संकलन गर्दा कवाडीजन्य सामग्री राखेको स्थानबाट संकलन गर्नुपर्नेछ । कर दाखिला नगरी कुनै सवारी साधन कवाडीजन्य सामाग्री लिई भागेमा नगर क्षेत्रको जुनसुकै स्थानबाट कर संकलन गर्न पाउनेछ ।

९) ठेकेदारले तोकेको दरभन्दा बढी कर असुल गरेमा नगर कार्यपालिकाबाट निर्णय गरी दण्ड जरिवाना गरिनेछ । साथै सूचनामा उल्लेखित न्युनतम ठेक्का रकम वार्षिक (३६५ दिन) भएको हुँदा ठेकेदारले कवोल गरेको ठेक्का रकमलाई ३६५ दिनले भाग गरी दैनिक ठेक्का रकम निकाली सम्झौता गरेको दिनदेखि २०८४ असार मसान्तसम्मको ठेक्का रकम कायम हुनेछ भने नियमानुसार बुझाउनु पर्ने कर रकम सम्पूर्ण कबोल गरेको ठेक्का रकममा लाग्नेछ ।

१०) एक उद्योगबाट अर्को उद्योगमा कच्चा पदार्थकोरूपमा निकासा भएका मालसामानमा कवाडी कर लाग्ने छैन । साथै भन्सारमा कर बुझाई आयात भएका मालसामानमा र उद्योग ठाउँसारी गर्दा उद्योगमा रहेका औजार उपकरणमा समेत कवाडी कर सङ्कलन गर्न पाउने छैन ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरण समेत

२) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर प्रमाणपत्रको प्रतिलिपि

३) करचुक्ता (आ.व. २०८२/०८३) प्रमाणपत्रको प्रतिलिपी

४) एकल स्वामित्वको फर्मको हकमा प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/ कम्पनिको हकमा कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको प्रतिलिपि ।